# नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष

# २०८०।०८१ को

# बजेट बक्तव्य

## नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय

## कुमालगाउँ, कालिकोट

## २०८०।०३।१०

# आर्थिक वर्ष २०८०।०८१ को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्षज्यू,**
**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको दोश्रो गाउँसभामा आर्थिक वर्ष २०८०।८१ को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै यस गाउँपालिकाका लम्पी स्किनका कारण पशु चौपायमा क्षती भएको हुदाँ उक्त क्षति प्रति दुःख व्यक्त गर्दै उक्त महामारी नियन्त्रण तथा रोकथामका लागी बजेटको व्यवस्थापन गरिने प्रतिबद्धता गर्दछु ।

आन्तरिक सुशासन  र सवल प्रशासनको विकासबाट हामिले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यस तर्फ नै निर्देशित रहेको छ । जनता समक्ष प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने निति अवलम्बन  गर्न प्रस्ताव गरिएको छ ।शिक्षा, स्वास्थ्य, रोजगारी,उद्यमशिलता, सामाजिक विकास, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई,विपद् व्यवस्थापन, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागी विशेष यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू संवोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी कार्य संचालन गर्नुपरेको अवस्था छ।यस महत्वपूर्ण समयमा सुझाव तथा सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

स्थानिय सरकारको रुपमा नरहरिनाथ गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायीक अधिकारको प्रयोग गर्दै आएको छ ।यस सम्मानित गाउँ सभामा बजेट तथा कार्यक्रमको अतिरिक्त आर्थिक वधेयक र विनियोजन विधेयक समेत प्रतस्तुत भई पारित गर्ने कार्यक्रम रहेको छ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू तथा सभाका सदस्य ज्यूहरु,**

अब म सभा समक्ष चालु आर्थिक बर्ष २०७९/८० आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समिक्षा गर्ने अनुमति चाहान्छु ।

**आम्दानीतर्फ**

नरहरिनाथ गाउँपालिकामा आर्थिक बर्ष २०७९/८० मा आन्तरिक श्रोतबाट १ करोड ७४ लाख १२ हजार ८ सय र बाह्य श्रोतबाट रू.५७ करोड ७० लाख ८७ हजार ५ सय ७५ कुल आम्दानी गरि रु. ५९ करोड ४५ लाख ३ सय ७५ हुने अनुमान गरिएकोमा सम्वत २०८० जेठ मसान्त सम्ममा आन्तरिक श्रोतबाट रु. १ करोड ५४ लाख १२ हजार ८ सय आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ८८.५ प्रतिशत हुन आउछ । बाह्य आम्दानी तर्फ रू ४५ करोड २५ लाख २ हजार २ सय १० आम्दानी भएको छ । जुन लक्ष्यको तुलनामा ८१ प्रतिशत हुन आउछ । २०८० जेठ मसान्त सम्म आन्तरिक र बाह्य गरि कुल रु. ४६ करोड ७९ लाख १५ हजार १० आम्दानी भएको छ, जुन लक्ष्यको तुलनामा ८० प्रतिशत हुन आउछ । नरहरिनाथ गाउँपालिकाले लिएको नीति अनुरूप अपेक्षित राजश्व संकलन कम भएको व्यहोरा जानकारी गराइन्छ ।

**विनियोजनतर्फ**

चालु आर्थिक बर्ष २०७९/०८० का लागी नरहरिनाथ गाउँपालिकाबाट कुल रू . ५९ करोड ४५ लाख ३ सय ७५ बजेट विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये २०८० जेठ मसान्त सम्ममा चालु तर्फ रू २८ करोड ८० लाख १३ हजार ५ सय ४१ खर्च भएको छ । पुँजिगत एवमं पूर्वाधार तर्फ रू ९ करोड ७५ लाख ३१ हजार ९ सय ७७ र वित्तिय तर्फ गरि कुल रू ३८ करोड ५५ लाख ४५ हजार ५ सय १८ खर्च भएको छ, जुन अनुमानित खर्चको ६७ प्रतिशत हुन आउछ ।

**सभाका सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक २०८०।८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामि बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**अव म आर्थिक बर्ष २०८०।८१ को बजेकटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु।**

बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरेको छु।

१. उपलब्ध स्रोत, सूचना र मानव संशाधनको उच्तम परिचालन गर्दै विकासको गतिलाई तिब्रता दिने विषयहरु,
२. सामाजिक, आर्थिक, भौतिक पूर्वाधार  विकास मार्फत समुन्नत र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा गाउँपालिकाको आर्थिक गतिविधि मार्फत योगदान गर्ने विषयहरु
३. लैङ्गिक समानता र सामाजिक समावेशिकरणालाई टेवा पुग्ने कार्यक्रम संचालन गर्ने विषयहरु
४. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी नागरिकमैत्री बनाउने
५. भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउन विषयहरु
६. स्वास्थ्य र शिक्षा सेवालाई सहज र गुणस्तरीय बनाउने
७. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने
१. कृषि क्षेत्रको विकास गर्दै रोजगारी सिर्जना तथा गरिवी निवारणमा जोड दिने
२. कला संस्कृतिको सम्मान तथा जगेर्ना गर्ने
३. क्रमागत तथा दिगो रणनीतिक विकासका योजनाहरूको कार्यक्रमलाई निरन्तरता दिने

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८०/८१ को लागि नरहरिनाथ गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ११ करोड ५० लाख, सशर्त अनुदान चालु रु  २० करोड ९३ लाख, पुँजीगत १ करोड ५४ लाख , विशेष अनुदान १ करोड २० लाख, समपुरक अनुदान १ करोड ९० लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड २६ लाख ९५ हजार ४ सय,  प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान १ करोड ३७ लाख ३६ हजार, सशर्त चालु ४२ लाख ७३ हजार, सशर्त पूँजीगत १ करोड ६५ लाख, विशेष ४५ लाख तथा समपुरक अनुदान १ करोड ५० लाख, राजश्व बाँडफाँड ४ लाख २८ हजार ५  सय ७५ गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व २० लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित ३० लाख गरी जम्मा रु ५२ करोड २८ लाख ३२ हजार ९ सय ७५ रुपैया अनुमानित गरिएको छ। जसमध्ये ६२ प्रतिशत चालु तथा ४१ प्रतिशत पुँजीगत खर्च हुनेगरी विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजित कार्यक्रमको विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु।**

## कृषि तथा पशु

१. कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि रणनीतिक योजना अध्ययन, अनुसन्धान तथा विकासको लागि बजेट विनियोजन गरेको छु। स्याउँ तथा ओखर बाली पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइएको दिइएको छू, जसको लागि बजेट विनियोजन गरेको छु। गाउँपालिकाको सम्भाव्य क्षेत्रमा दलहन वाली पकेट क्षेत्र विकासको लागि निरन्तरता दिएको छु।

२. मकैवालीको प्रवर्द्धन कार्यक्रमलाई निरन्तर्ता दिएको छु गाउँपालिकामा आवश्यक कृषि जनशक्तिको व्यवस्था गरी कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्य गरिनेछ।

३. कृषकसँग उपाध्यक्ष कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

४. पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन नश्ल सुधारका लागी कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेकोछु। कृषि तथा पशुपंछि र मत्स्य सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ। किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइ अभियानको रुपमा सञ्चालन गरिनेछ।

५. कृषि पेशालाई व्यवसायिक रुपमा अगाडी बढाइ गाउँपालिकामा नमूना कृषकको रुपमा रहेका कृषकलाई उत्कृष्ट कृषकको रुपमा सम्मान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

६. कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकासको लागि ४३ लाख २० हजार विनियोजन गरेको छु।

७. माहामारी रोग नियन्त्रणका लागी आवश्यक वजेटको व्यवस्थापन गरेको छु ।

८. आधारभूत प्रयोगशाला कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

## सडक तथा भौतिक पूर्वाधार

१. नरहरिनाथ गाउँपालिका अन्तर्गत रिङरोड सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छु। खुलालु लालु माल्कोट रुप्सा चुना सम्मको सडक निर्माणका लागी बजेट रू १ करोड विनियोजन गरेको छु र सैन्य खोला देखि नुवादेवमाडु सम्म सडक निर्माणका लागी बजेट रू १ करोड विनियोजन गरेको छु ।

२. विश्वकुना पिपलरुख थाडीमाडु उच्छव रामारोशन पर्यटकीय मार्गका लागी बजेट रू २ करोड ८० लाख विनियोजन गरेको छु।

३. पिपलरुख देखि थाडिमाडु उच्छव रामारोशन सडक निर्माणका लागी १ करोड विनियोजन गरेको छु

४. गाउँपालिकाको प्रशासकीय भवनको लागी १ करोड विनियोजन गरेको छु ।
५. माथिल्लो अदेला खानेपानी निर्माणका लागी ७० लाख विनियोजन गरेको छु ।
६. रुप्सा रामारोशन सडक निर्माणका लागी २५ लाख विनियोजन गरेको छु ।
७. नविकरणिय ऊर्जा प्रविधि जडानका लागी १० लाख विनियोजन गरेको छ ।
८. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत ५१ लाख विनियोजन गरेको छु ।
९. राष्ट्र गुरु योगी नरहरिनाथको शालिक निर्माणका लागि बजेट विनियोजन गरेको छु ।
१०. वडा कार्यालय निर्माण भई सकेका वडा कार्यालयबाट चुस्त दुरुस्त सेवा प्रवाह गर्नुका साथै वडा कार्यालयको भवन निर्माण नभएका वडा कार्यालयका लागी प्रदेश सरकार समक्ष बजेट मागका लागी आवश्यक पहल गरेको छु ।
११. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म सडक संजालमा नजोडीएका वडा कार्यालयहरु तथा बस्तिस्तर सम्म सडक संजालमा जोडिनका लागी आवश्यक संघीय सरकार  तथा प्रदेश सरकार समक्ष प्रदेश सरकार समक्ष पहल गरेको छु ।

**स्वास्थ्य**

१. पोषण मैत्रि स्थानीय तह घोषणा कार्यक्रमका लागी ५० लाख विनियोजन गरेको छु ।
२. सबै स्वास्थ्य संस्थालाई भौतिक पूर्वाधार सम्पन्न बनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ।
३. सबै स्वास्थ्य संस्था तथा आँखा उपचार केन्द्रको लागि आवश्यक औषधि खरिद गर्न बजेट व्यवस्था गरिएको छु।
४. जेष्ठ नागरिक तथा अशक्त वर्गको घरदैलो स्वास्थ्य शिविर तथा सर्वेक्षण कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
५. गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरेको छु ।
६. गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्य गरिनेछ। स्वास्थ्य कर्मचारिको दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ।
७. स्वास्थ्य क्षेत्रको लागि ५ करोड ५१ लाख बजेट विनियोजन गरेको छु।
८. पोषण सुधार कार्यक्रमका लागी १६ लाख ५० बजेट विनियोजन गरेको छु ।

**शिक्षा**

१. जनता माध्यामिक विद्यालय रुप्साको लागी ४५ लाख विनियोजन गरेको छु ।
२. खेलकुद पूर्वाधार निर्माणका लागी १५ लाख विनियोजन गरेको छु ।

३. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गर्न आवश्यक प्रकृया अगाडी बढाइनेछ। विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।
४. विगत लामो समय देखि शिक्षण पेशामा रहदै गाउँपालिका अनुदान शिक्षक पदपूर्ति परिक्षाबाट विस्थापित ४० बर्ष उमेर नाघेका शिक्षकहरुलाई सम्मानका साथ नियूक्ति मिति देखि कार्यरत रहेको अन्तिम मिति २०७९ चैत मसान्त सम्म गोल्डेन हेण्डसेकको व्यवस्था गरेको छु ।
५. एक वडा एक नमुना विद्यालय छनौट गरि पालिकास्तरिय एक विद्यालयलाई नमुना विद्यालयको रुपमा घोषणा गरेको छु ।
६. विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
७. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न आवश्यक बजेटको व्यस्थापन गरेको छु ।
८. शिक्षा क्षेत्रको समग्र विकासको लागि १२ करोड ९१ लाख विनियोजन गरेको छु ।

**कला, संस्कृति तथा पर्यटन**

१. सहिद स्मृत पार्क निर्माणका लागी ३० लाख विनियोजन गरेको छु ।
२. गाउँपालिकामा रहेका सम्पूर्ण कला तथा संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ।
३. गाउँपालिकामा सम्पूर्ण सहिद प्रति सम्मान अभिवृद्धि गर्न सहिदपार्क निर्माण कार्यको लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
४. राष्ट्र गुरु योगी नरहरिनाथको जन्म जयन्तिको अवसरमा रहगाडमा मेलाका लागी आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
५. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव मार्फत पर्यटन प्रवर्द्धनका कार्य संचालन गरिनेछ।
६. समग्र कला तथा संस्कृतिको जगेर्नाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
७. भाषा तथा संस्कृतिको विकासको लागि रु ५० लाख विनियोजन गरेको छु।
८. सुनथराली एअर्पोट कोटवाडा देखि खाडाचक्र नगरपालिकाको मान्म सम्म केवलकार जोड्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

**सामाजिक सुरक्षा**

१. बालबालिका, बेसाहारा, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
२. **बेसाहारा नागरिकका सँग अध्यक्ष कार्यक्रमका** लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
३. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ

संस्थाहरूसँग सहकार्य गरिनेछ। विपद् व्यवस्थापनलाई संवोधन गर्न रु ४० लाख विनियोजन गरेको छ।

४. जेष्ठ नागरिक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि सम्वन्धित निकाय समक्ष पहल गरिनेछ।
५. गाउँपालिकालाई बालबालिका मैत्री बनाउन **एक वडा एक बाल उद्यानको** निर्माण कार्यको गरिनेछ।
६. स्वास्थ्य विमा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। विपन्न वर्गको बीमा कार्यको लागि रु ५ लाख विनियोजन गरेको छु।
७. गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।

**युवा, रोजगारी तथा खेलकुद**

१. प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत ८२ लाख र थप साझेदारी बजेटको पनि विनियोजन गरेको छु ।
२. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १ करोड ३५ लाख विनियोजन गरेको छु ।
३. प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरिनेछ।
४. युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गरिनेछ।
५. गाउँपालिकामा खेलकुदको विकास गर्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।
६. युवा तथा खेलकुदको विकासको लागि  लाख विनियोजन गरेको छु। साथै श्रम तथा रोजगारीको क्षेत्रको लागि रु २ करोड ९५ लाख विनियोजन गरेको छु।

**सुशासन**

१. कालिकोट जिल्लाका ९ वटा स्थानीय तह मध्ये नरहरिनाथ गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ७१ अंक सहित दोश्रो स्थान हासिल गर्न सफल भएको छ । भने वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा जिल्लाकै ७०.५ अंक सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ । उक्त कार्यक्र संचालनका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।
२. गाउँपालिकाको संस्थागत सुशासन अभिवृद्धि गर्न नियमित रुपमा सार्वजनिक सुनुवाइको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। नागरिकको सुसुचित हुन पाउने सूचनाको हकको सम्मान गरिनेछ।
३. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औंल्याइएको १३ करोड ६७ लाख ८१ हजार बेरूजू रकम न्यूनीकरणको कार्यलाई प्राथमिकताका साथ गरिनेछ।
४. गाउँपालिकाको व्यवस्थापन तथा सर्भेक्षण गरी लागू गरिनेछ। गाउँपालिकाको आन्तरिक क्षमता तथा कार्यबोझ समेतलाई मध्यनजर गरी आवश्यक कर्मचारी पदपूर्तीको कार्य गरी सहज रुपमा सेवा प्रवाहको व्यवस्था गरिनेछ।

५. न्यायीक समितिलाई प्रभावकारी बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**राजश्व प्रशासन**

१. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरिनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ।

२. गाउँपालिका, अन्य वडा कार्यालय र शाखाबाट कर चुहावटलाई न्यूनीकरण कम गर्न सफ्टवयेर कार्यान्वयन गरिनेछ ।आवश्यक कार्य गरिनेछ। राजश्व प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ। सम्पूर्ण वडा कार्यालयहरूको राजश्वको क्षमताको मूल्याङ्कन गरिनेछ। राजश्वको क्षमता तथा असुलीको अवस्था समेतको अनुपातको विश्लेषणको आधारमा वडा समितिलाई बजेट विनियोजन गर्ने कार्यको सुरुवात गरिनेछ। आर्थिक वर्ष २०८०/८१ को लागि प्रश्ताविक कर तथा राजश्वका दरहरू केही परिमार्जन सहित विनियोजन विद्येयकमा प्रश्ताव गरेको छु।

अन्त्यमा, आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्येक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, गैरसरकारी संघसंस्थाहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, घाइते तथा सहिद परिवार लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।**

**कमल कुमार शाह**
**उपाध्यक्ष**
**नरहरिनाथ गाउँपालिका**